NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**तत्काल जारी गर्नका लागि**

**मितिः २०७० असोज ९**

**सम्पर्कः एटलान्टा, डेबोरा हेक्स १ ४०४ ४२० ५१२४; काठमाडौं, डेभिड ह्यामिल्टन ९७७-९८५-११०-०७१२**

## कार्टर सेन्टरद्वारा नेपालका लागि निर्वाचन पर्यवेक्षण नियोगको घोषणा

कार्टर सेन्टरले नेपालमा आगामी मंसिर ४ गते सम्पन्न हुन गइरहेको निर्वाचनको पर्यवेक्षणका लागि अन्तरिम चुनावी मन्त्रिपरिषदका अध्यक्ष खिलराज रेग्मी र नेपालको निर्वाचन आयोगको निमन्त्रणा र राजनीतिक दलहरुको स्वागतमा एक अन्तर्राष्ट्रिय पर्यवेक्षण नियोग शुरु गरेको छ ।

सेन्टरले गत २०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचनको पर्यवेक्षण ग-यो र त्यसयता दीर्घकालिन राजनीतिक तथा संवैधानिक गतिविधिहरुको अनुगमन गर्दै जुन २०१३ सम्म यहाँ रहेको हो । सो परियोजना अवधिका क्रममा कार्टर सेन्टरले सुरक्षा, संघियता, पहिचानमा आधारित राजनीति, मतदाता दर्ता र भू-स्वामित्व लगायतका विभिन्न विषयमा २० भन्दा बढि सार्वजनिक प्रतिवेदनहरु जारी गरेको छ । ती सबै प्रतिवेदन केन्द्रको वेवसाइटमा उपलब्ध छन् ।

"यस पटकको निर्वाचन पर्यवेक्षणले नेपाली जनतालाई नयाँ संविधान निर्माण गर्ने उनीहरुको प्रयास सफल हुनेमा थप आश्वस्त पार्नेछ भन्नेमा कार्टर सेन्टर आशावादी छ । नयाँ संविधानसभाको लागि प्रतिस्पर्धात्मक र शान्तिपूर्ण चुनाव नै नेपालका लागि प्रजातन्त्र र विकासको बाटोमा पुनः फर्किने सबैभन्दा उत्तम उपाय हुन्," कार्टर सेन्टर अन्तर्गतको प्रजातन्त्र कार्यक्रमका सहनिर्देशक डेभिड पोटीले बताए ।

सेन्टरले यो हप्ता देशभरी १२ जना दीर्घकालिन पर्यवेक्षकहरुलाई खटायो । पर्यवेक्षकहरु पाँच विकास क्षेत्रमा छुट्टाछुट्टै टोली र तराइ क्षेत्रमा घुमुवा टोली भएर क्रियाशिल रहनेछन् र उनिहरुले त्यहाँ भइरहेका निर्वाचन आयोग, राजनीतिक दलहरु, नागरिक समाजसम्बद्ध संघसंस्थाहरु, अन्तर्राट्रिष्य समुदाय, अन्य नागरिक तथा अन्तर्राट्रिष्य निर्वाचन पर्यवेक्षण नियोगहरुका गतिबिधिबारे सोभै स्थलगत जानकारी लिनेछन् ।

विभिन्न आठ मुलुकलाई प्रतिनिधित्व गर्ने यी १२ पर्यवेक्षकहरुसँग थप अरु ४० जना अल्पकालिन पर्यवेक्षकहरु निर्वाचनभन्दा केही दिनअघि सामेल हुनेछन् । यस सेन्टरले निर्वाचनसम्बन्धी प्राप्त विभिन्न जानकारीबारे आवधिकरुपमा सार्वजनिक धारणा जारी गर्नेछ । त्यो www.cartercenter.org मा उपलब्ध हुनेछ ।

निर्वाचनभन्दा केही समयअघि देखि नै खटिने दीर्घकालिन पर्यवेक्षकहरुबाट सेन्टरलाई निर्वाचनपूर्वको तयारीबारे आँकलन गर्न सघाउ पुग्नेछ । कार्टर सेन्टरले निर्वाचनमा प्रभाव पार्नसक्ने कानुनी र राजनीतिक क्षेत्रमा हुने नयाँ घट्नाक्रमलाई समेत नजिकबाट हेर्नेछ र यसले नागरिकस्तरबाट हुने निर्वाचन अनुगमनसम्बन्धी सीप र

तालिमलाई अघि बढाउन राष्ट्रिय संघ संस्थाहरुसँग सहकार्य गर्नेछ ।

कार्टर सेन्टरले आफ्नो पर्यवेक्षणको कार्यलाई ४० भन्दा बढि निर्वाचन पर्यवेक्षण समूहद्धारा अनुमोदन भइसकेको र संयुक्त राष्ट्रसंघले सन् २००५ मा अपनाएको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणसम्बन्धी सिद्धान्त तथा आचार संहिता अनुसार जारी राख्ने छ । सेन्टरले यहाँको निर्वाचन प्रक्रियालाई नेपालकै राष्ट्रिय कानूनी संरचना र लोकतान्त्रिक निर्वाचनबारे यसले क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका सहमतिप्रति उसको दायित्वको आधारमा मूल्याङकन गर्नेछ ।

####

*"शान्ति आरम्भ गर्दै । रोगविरुद्ध संघर्ष गर्दै । आशा निर्माण गर्दै ।*

*कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रवर्द्धन गर्न स्थापित भएको हो । लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रवर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकाशशील राष्ट्रका किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ ।* कार्टर सेन्टरको बारे थप जानकारीका् लागि *www.cartercenter.org मा हेर्नुहोस् ।*